नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
**रेड कार्यान्वयन केन्द्र**
बबरमहल, काठमाडौं
फोन नं. : ०१-४३१५२६१

प.सं. :०८३।८४
च.नं. :६८

मिति बि.स. २०८३/०५/१७
ने.स. ११४६ गुलागा पञ्चमी-२०, बुधवार

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय रेड कार्यान्वयन केन्द्र बबरमहल, काठमाडौं, नेपाल

## कार्बन लाभ प्राप्तिका लागि लक्षित समूहले लगानी योजना/प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना !

नेपाल सरकारले विश्व बैंक/वन कार्बन साझेदारी सहयोग (Forest Carbon Partnership Facility-FCPF) सँग सन् २०२१ मा तराई भू-परिधिका १३ जिल्ला (रौतहटदेखि कन्चनपुरसम्म) बाट नतिजामा आधारित रेड प्लस कार्यक्रम कार्यान्वयन गरी प्रथम चरण (सन् २०१८-२०२१ डिसेम्बरसम्म)मा १८ लाख ८८ हजार टन कार्बन उत्सर्जन कटौती गरी नेपाल सरकारले ने.रु. १ अर्ब ३४ करोडको कार्बन लाभ प्राप्त गरेको छ । नेपाल सरकारले उक्त कार्यक्रम कार्यान्वयनका लागि विश्व बैंकसँग भएको कार्बन उत्सर्जन भुक्तानी सम्झौता (Emission Reduction Payment Agreement-ERPA) अनुसार लाभ वितरण योजना स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ ।स्वीकृत लाभ वितरण योजना अनुसार चालु आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रममा उल्लिखित विपन्न, सिमान्तकृत, गरिबी न्यूनीकरण कार्यक्रम र सामुदायिक, साझेदारी, कबुलियती, मध्यवर्ती वनका कार्य योजना कार्यान्वयनमा सहयोग क्रियाकलापहरू कार्यान्वयनका लागि माथि उल्लिखित तराई भू-परिधिका FCPF ER कार्यक्रम लागु भएका १३ जिल्लाहरूका देहाय अनुसारको लक्षित समूहले लाभ वितरण योजनामा उल्लिखित लगानी योजना (Investment Plan)/प्रस्ताव सहित यो सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र सम्बन्धित डिभिजन वन कार्यालय वा राष्ट्रिय निकुञ्ज कार्यालय वा सोझै रेड कार्यान्वयन केन्द्र, बबरमहलमा पेश गर्नु हुन सम्बन्धित सबैमा यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

१. तराई भू-परिधिका FCPF ER कार्यक्रम लागु भएका १३ जिल्लाहरूका विपन्न, सिमान्तकृत, गरिबी न्यूनीकरण कार्यक्रम कार्यान्वयनका लागि लक्षित समूह (गरिबमुखी कबुलियती वन समूहहरू, स्थानीय तह वा प्रदेश सरकारले तय गरेका अन्य गरिबमुखी कार्यक्रममा पहिचान भएका गरिब- महिला, दलित, आदिवासी जनजाति, मधेशी, अल्पसंख्यक सिमान्तकृत समूह सामुदायिक वा साझेदारी वन समूहले सामाजिक सम्पन्नता स्तरीकरण गरी पहिचान गरी गठन भएका समूह);
२. प्रकृतिमा आधारित रेशा तथा वनजन्य उद्यम विकास, कृषि वन तथा नगदे बाली विकास, रैथाने जातको बाख्रा पालन, परम्परागत शिप तथा आयमूलक तालिम, र लाभ वितरण योजना उल्लिखित नकारात्मक सूची बाहेकका क्रियाकलाप वन तथा वातावरण संरक्षणका क्रियाकलाप, दिगो वन व्यवस्थापनका क्रियाकलाप;
३. लगानी योजना/प्रस्तावको अधिकतम बजेट सिमा रू. १०,००,०००/- (दश लाख) सम्म;
४. लगानी योजना तथा प्रस्ताव पेश गर्दा संलग्न गर्नु पर्ने विवरणः
   (क) समूहको कार्यकारिणी समिति वा साधारण सभाको निर्णयको प्रतिलिपि;
   (ख) अध्यक्ष, सचिव र कोषाध्यक्षले संयुक्त हस्ताक्षर गरेको अनुमानित लागत सहितको लगानी योजना;
   (ग) खाता सञ्चालन रहेको बैंकको चेकको छायाँप्रति;
   (घ) सम्बन्धित वडा कार्यालयको सिफारिस;
   (ङ) स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपि;
   (च) स्थायी लेखा नम्बर नभएको हकमा नजिकैको सामुदायिक वन समूह वा साझेदारी वन समूहको सिफारिस
   (छ) डिभिजन वन कार्यालयस्थित रेड सेल/फोकल पर्सनको सिफारिस पत्र
   (ज) सामुदायिक वा साझेदारी वन समूहको उपसमूह भए सम्बन्धित सामुदायिक वन समूह वा साझेदारी वन समूहको सिफारिस
५. प्रस्ताव पेश गर्ने ठेगानाः

   सम्बन्धित डिभिजन वन कार्यालय वा राष्ट्रिय निकुञ्ज कार्यालय वा सोझै रेड कार्यान्वयन केन्द्रको इमेल reddicnp@gmail.com मा सूचना अधिकारीको फोन/WhatsApp नम्बर ९८४९०१०३५८

**नोटः** लगानी योजनाको फारम रेड कार्यान्वयन केन्द्रको वेबसाइट (https://www.redd.gov.np )बाट डाउनलोड गर्न वा राष्ट्रिय निकुञ्ज कार्यालय/सम्बन्धित डिभिजन वन कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

# तराई भू-परिधिका १३ जिल्लामा कार्बन लाभ वितरणका लागि तयार गरिने लगानी योजनाको ढाँचा

नेपाल सरकार वन तथा पर्यावरण मन्त्रालय रेड कार्यान्वयन केन्द्र बबरमहल, काठमाडौं, नेपाल

श्री डिभिजन वन कार्यालय, .......... /राष्ट्रिय निकुन्ज कार्यालय, ......... /रेड कार्यान्वयन केन्द्र, काठमाण्डौ ।

प्रस्तुत विषयमा उत्सर्जन न्यूनीकरण लाभ वापतको भुक्तानी प्राप्त गर्न देहायको फाराममा उल्लेखित विवरण सहित लगानी योजनाका लागि प्रस्ताव पठाइएको व्यहोरा अनुरोध छ ।

१. वनको जम्मा क्षेत्रफलः ......... हेक्टर,

२. उपभोक्ता घरधुरी संख्या ......... घरधुरी

| क्र.सं. | आदिवासी जनजाति | दलित | मधेशी | मुस्लिम | ...... | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

३. लगानी योजनाको नाम र कार्यस्थलको ठेगाना .......................................................................

४. प्रस्तावको विस्तृत विवरण (वन कार्ययोजनामा उक्त कृयाकलाप उल्लेख भएको पानाको फोटोकपि उपभोक्ता समितिबाट प्रमाणित गराई संलग्न गर्नुहोस)

| सिनं. | कृयाकलाप विवरण | लाभान्वित परिवार संख्या | अनुमानित लागत (रू) |
|---|---|---|---|
| (१) | | | |
| (२) | | | |
| (३) | | | |
| (४) | | | |

नोटः प्रकृतिमा आधारित रेशा तथा वनजन्य उद्यम विकास, कृषि वन तथा नगदे बाली विकास, रैथाने जातको बाख्रा पालन, परम्परागत शिप तथा आयमुलक तालिम, र लाभ वितरण योजना उल्लिखित नकारात्मक सूची बाहेकका क्रियाकलाप वन तथा वातावरण संरक्षणका क्रियाकलाप, दिगो वन व्यवस्थापका क्रियाकलाप समूहको निर्णय अनुसार समूहको सम्पन्नता स्तरीकरण प्रतिवेदनले पहिचान गरेका अति सिमान्तकृत घरधुरीहरू लाभ हुने गरी लक्षित कार्यक्रम प्रस्ताव तथा कार्यान्वयन गर्नु पर्दछ । लगानी योजनाबाट लाभान्वित हुने आदिवासी जनजाति, मधेशी, मुस्लिम र दलित घरधुरीहरूको संख्या उल्लेख गर्नुहोस।

## तराई भू-परिधिका १३ जिल्लामा कार्बन लाभ वितरणका लागि तयार गरिने लगानी योजनाको ढाँचा

५. अन्य निकाय (स्थानीय तह लगायत) को लागत सहभागिता हुने भएमा सोको विवरण उल्लेख गर्नुहोस।

६. प्रस्तावित कृयाकलाप कार्यान्वयन गर्दा स्थानीय वन, वातावरण तथा समाजमा प्रतिकूल प्रभाव पर्न सक्ने जोखिम छ वा छैन ? यदि छ भने, जोखिम न्यूनीकरणका उपाय उल्लेख गर्नुहोस ।

माथि उल्लिखित कार्यक्रमहरू स्वीकृत कार्ययोजना र नेपाल सरकारबाट स्वीकृत लाभ बाँडफाँट योजनाको वर्खिलाप नभएको व्यहोरा प्रमाणित गरिन्छ । समूह भित्रका सिमान्कृत घरधुरी, आदिवासी जनजाती, दलित तथा महिलाहरूसँग तथा बाहिरका सम्वन्धित निकायहरू (प्रथाजनित अभ्यास भएका संस्था तथा समुदायमा आधारित समूह जस्तै आमा समूह, युवा क्लव) सँग छलफल गरी यो लगानी योजना तयार गरिएको छ ।हामी वन उपभोक्ता समूहहरूलाई उत्सर्जन न्यूनीकरण कार्यक्रम र प्राप्त गर्ने लाभ प्रतिशत वारे पूर्ण जानकारी छ, समूहले प्राप्त गरेको लाभ समूह भित्रका अति सिमान्तकृत घरधुरीहरूसँग समेत छलफल गरी लाभ बाँडफाँट योजनाको प्रावधान अनुसार सिमान्तकृत घरधुरीहरुलाई उपलब्ध हुने गरी जिम्मेवारीपूर्वक लाभांश वितरण गर्ने छौं भनी यो लिखित सहमती जनाएका छौं। दुरुपयोग भएमा हामी जिम्मेवार भई भनी कानून बमोजिम सहुँला बुझाउँला भनी यो लिखित सहमति गरेका छौं ।

| | | |
|---|---|---|
| अध्यक्षको दस्तखत : | सचिवको दस्तखत : | कोषाध्यक्षको दस्तखत : |
| नाम थर : ...................... | नाम थर : ...................... | नाम थर : ............................... |
| फोन नं. | फोन नं. | फोन नं. |
| मिति : | मिति : | मिति : |

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
**रेड कार्यान्वयन केन्द्र**
बबरमहल, काठमाडौं
फोन नं. : ०१-५३१५२६१

प.सं. :०८३।८४
च.नं. : ५४

मिति वि.स. २०८३/०५/१७
ने.स. ११४६ गुलागा पञ्चमी-२०, बुधवार

**कार्बन लाभ प्राप्तिका लागि सामुदायिक/साझेदारी/कबुलियती वन समूहले लगानी योजना/प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।**

नेपाल सरकारले विश्व बैंक/वन कार्बन साझेदारी सहयोग (Forest Carbon Partnership Facility-FCPF) सँग सन् २०२१ मा तराई भू-परिधिका १३ जिल्ला (रौतहटदेखि कन्चनपुरसम्म) बाट नतिजामा आधारित रेड प्लस कार्यक्रम कार्यान्वयन गरी प्रथम चरण (सन् २०१८-२०२१ डिसेम्बर सम्म)मा १८ लाख ८८ हजार टन कार्बन उत्सर्जन कटौती गरी नेपाल सरकारले रु. १ अर्ब ३४ करोडको कार्बन लाभ प्राप्त गरेको छ | नेपाल सरकारले उक्त कार्यक्रम कार्यान्वयनका लागि विश्व बैंकसँग भएको कार्बन उत्सर्जन भुक्तानी सम्झौता (Emission Reduction Payment Agreement-ERPA) अनुसार लाभ वितरण योजना स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ | स्वीकृत लाभ वितरण योजना अनुसार चालु आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रममा उल्लिखित समुदायद्वारा व्यवस्थित वन समूहलाई दिगो वन व्यवस्थापन, जीविकोपार्जन तथा क्षमता अभिवृद्धि कार्यक्रम कार्यान्वयनका लागि माथि उल्लिखित तराई भू-परिधिका FCPF ER कार्यक्रम लागु भएका १३ जिल्लाका देहाय अनुसारको लक्षित समूहले लाभ वितरण योजनामा उल्लिखित लगानी योजना (Investment Plan)/प्रस्ताव सहित यो सूचना प्रकाशन भएको मितिले ९० दिनभित्र सम्बन्धित डिभिजन वन कार्यालय वा सोझै रेड कार्यान्वयन केन्द्र, बबरमहलमा पेश गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशन गरिएको छ |

तपसिलः

१. तराई भू-परिधिका FCPF ER कार्यक्रम लागु भएका १३ जिल्लाका सामुदायिक वन, कबुलियती वन, साझेदारी वन समूह सबै;
२. दिगो वन व्यवस्थापनका क्रियाकलाप, प्रकृतिमा आधारित रेशा तथा वनजन्य उद्यम विकास, कृषि वन तथा नगदे बाली विकास, परम्परागत शिप तथा आयमुलक तालिम, र लाभ वितरण योजना उल्लिखित नकारात्मक सूची बाहेकका क्रियाकलाप वन तथा वातावरण संरक्षणका क्रियाकलाप,;
३. लगानी योजना/प्रस्तावको अधिकतम बजेट सिमा प्रति हेक्टर रू. १,०००/- (एक हजार);
४. लगानी योजना तथा प्रस्ताव पेश गर्दा संलग्न गर्नुपर्ने विवरणः
    (क) समूहको कार्यकारिणी समिति वा साधारण सभाको निर्णयको प्रतिलिपि;
    (ख) अध्यक्ष, सचिव र कोषाध्यक्षले संयुक्त हस्ताक्षर गरेको अनुमानित लागत सहितको लगानी योजना;
    (ग) खाता सञ्चालन रहेको बैंकको चेकको छायाँप्रति;
    (घ) सम्बन्धित वडा कार्यालयको सिफारिस;
    (ङ) स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपि;
    (च) स्थायी लेखा नम्बर नभएको हकमा नजिकैको सामुदायिक वन समूह वा साझेदारी वन समूहको सिफारिस;
    (छ) डिभिजन वन कार्यालयस्थित रेड सेल/फोकल पर्सनको सिफारिस पत्र |
५. प्रस्ताव पेश गर्ने ठेगानाः

    सम्बन्धित डिभिजन वन कार्यालय वा सोझै रेड कार्यान्वयन केन्द्रको इमेल reddicnp@gmail.com मा वा सूचना अधिकारीको फोन/WhatsApp नम्बर ९८४९०१०३५८

नोटः लगानी योजनाको फारम रेड कार्यान्वयन केन्द्रको वेबसाइट (https://www.redd.gov.np) बाट डाउनलोड गर्न वा सम्बन्धित डिभिजन वन कार्यालयबाट प्राप्त गर्न सकिनेछ |

माननीय मन्त्रीस्तरको मिति २०८३/०५/०८ स्वीकृत BSP OP को अनुसूची-१ सँग सम्बन्धित)

## तराई भू-परिधिका १३ जिल्लामा कार्बन लाभ वितरणका लागि तयार गरिने लगानी योजनाको ढाँचा

नेपाल सरकार वन तथा पर्यावरण मन्त्रालय रेड कार्यान्वयन केन्द्र बबरमहल, काठमाडौं, नेपाल

### (वन उपभोक्ता समूहका लागि लगानी योजना प्रस्ताव

*[वन उपभोक्ता समूहको लेटरप्याडमा वा समूहको छाप लगाईएको सादा कागजमा पेश गर्नुहुन ]*

श्री डिभिजन वन कार्यालय, .......... /राष्ट्रिय निकुन्ज कार्यालय, ......... /रेड कार्यान्वयन केन्द्र, काठमाण्डौ ।

प्रस्तुत विषयमा उत्सर्जन न्यूनीकरण लाभ वापतको भुक्तानी प्राप्त गर्न देहायको फाराममा उल्लेखित विवरण सहित लगानी योजनाका लागि प्रस्ताव पठाइएको व्यहोरा अनुरोध छ ।

१. वनको जम्मा क्षेत्रफलः .......... हेक्टर,

२. उपभोक्ता घरधुरी संख्या .......... घरधुरी

| क.सं. | आदिवासी जनजाति | दलित | मधेशी | मुस्लिम | ...... | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

३. लगानी योजनाको नाम र कार्यस्थलको ठेगाना .......................................................................

४. प्रस्तावको विस्तृत विवरण (वन कार्ययोजनामा उक्त कृयाकलाप उल्लेख भएको पानाको फोटोकपि उपभोक्ता समितिबाट प्रमाणित गराई संलग्न गर्नुहोस)

| सिनं. | कृयाकलाप विवरण | लाभान्वित परिवार संख्या | अनुमानित लागत (रू) |
|---|---|---|---|
| (१) | | | |
| (२) | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | Where applicable include E&S risk mitigation line and show budget | | |

५. (नोटः राष्ट्रिय वन तर्फका समूहले दिगो वन व्यवस्थापनसँग प्रत्यक्ष सम्बन्धित क्रियाकलापमा २५ प्रतिशत र क्षमता विकास, मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन तथा जीविकोपार्जन सम्बन्धी क्रियाकलापमा ७५ प्रतिशत र मध्यवर्ती क्षेत्रका समूहले वन व्यवस्थापनमा ३५ प्रतिशत, मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनमा ३५ प्रतिशत र क्षमता विकास तथा जीविकोपार्जन सम्बन्धी कार्यमा ३० प्रतिशत हुने गरी प्रस्ताव पेस गर्नुपर्नेछ। साथै, क्षमता विकास तथा जीविकोपार्जनका लागि छुट्याइएको रकममध्ये सकेसम्म ४० प्रतिशत महिला लक्षित, २५ प्रतिशत आदिवासी जनजाति लक्षित, १० प्रतिशत दलित लक्षित र २५ प्रतिशत अन्य समूहका लागि हुने गरी प्रस्ताव गर्नुपर्नेछ। यदि समूहले प्राप्त गर्ने रकम रू २,००,०००/- भन्दा कम भए समूहको निर्णय अनुसार समूहको सम्पन्नता स्तरीकरण प्रतिवेदनले पहिचान गरेका अति सिमान्तकृत घरधुरीहरूलाई लाभ हुने गरी लक्षित कार्यक्रम प्रस्ताव तथा कार्यान्वयन गर्नुपर्दछ ।लगानी योजनाबाट लाभान्वित हुने आदिवासी जनजाति, मधेशी, मुस्लिम र दलित घरधुरी संख्या उल्लेख गर्नुहोस।

नेपाल सरकार वन तथा पर्यावरण मन्त्रालय ... कार्यान्वयन केन्द्र ...महल, काठमाडौं, नेपाल

६. अन्य निकाय (स्थानीय तह लगायत) को लागत सहभागिता हुने भएमा सोको विवरण उल्लेख गर्नुहोस।

७. प्रस्तावित कृयाकलाप कार्यान्वियन गर्दा स्थानीय वन, वातावरण तथा समाजमा प्रतिकूल प्रभाव पर्न सक्ने जोखिम छ वा छैन ? यदि छ भने, जोखिम न्यूनीकरणका उपाय उल्लेख गर्नुहोस ।

माथि उल्लेखित कार्यक्रमहरू स्वीकृत कार्ययोजना र नेपाल सरकारबाट स्वीकृत लाभ बाँडफाँट योजनाको बर्खिलाप नभएको व्यहोरा प्रमाणित गरिन्छ । समूह भित्रका सिमान्कृत घरधुरी, आदिवासी जनजाती, दलित तथा महिलाहरूसँग तथा बाहिरका सम्बन्धित निकायहरू (प्रथाजनित अभ्यास भएका संस्था तथा समुदायमा आधारित समूह जस्तै आमा समूह, युवा क्लव) सँग छलफल गरी यो लगानी योजना तयार गरिएको छ ।हामी वन उपभोक्ता समूहहरूलाई उत्सर्जन न्यूनीकरण कार्यक्रम र प्राप्त गर्ने लाभ प्रतिशत वारे पूर्ण जानकारी छ, समूहले प्राप्त गरेको लाभ समूह भित्रका अति सिमान्तकृत घरधुरीहरूसँग समेत छलफल गरी लाभ बाँडफाँट योजनाको प्रावधान अनुसार सिमान्तकृत घरधुरीहरुलाई उपलब्ध हुने गरी जिम्मेवारीपूर्वक लाभांश वितरण गर्ने छौं भनी यो लिखित सहमती जनाएका छौं ।दुरुपयोग भएमा हामी जिम्मेवार भई भनी कानून बमोजिम सहुँला बुझाउँला भनी यो लिखित सहमति गरेका छौं ।

| | | |
|---|---|---|
| अध्यक्षको दस्तखत : | सचिवको दस्तखत : | कोषाध्यक्षको दस्तखत : |
| नाम थर : ...................... | नाम थर : ...................... | नाम थर : ................................ |
| फोन नं. | फोन नं. | फोन नं. |

नेपाल सरकार
# कृषि, वन तथा पर्यावरण मन्त्रालय
# रेड कार्यान्वयन केन्द्र
बबरमहल, काठमाडौं

मिति वि.स. २०८३/०५/१७
ने.स. ११४६ गुलागा पञ्चमी-२०, बुधबार

प.सं. : ०८३/०८४
च.नं. : ९३

## कार्बन लाभ प्राप्तिका लागि निजी वन विकास तथा प्रवर्धनका लागि लगानी योजना/प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना !

नेपाल सरकारले विश्व बैंक/वन कार्बन साझेदारी सहयोग (Forest Carbon Partnership Facility, FCPF) सँग सन् २०२१ मा तराई भू-परिधिका १३ जिल्ला (रौतहटदेखि कन्चनपुरसम्म) बाट नतिजामा आधारित रेड प्लस कार्यक्रम कार्यान्वयन गरी प्रथम चरण (सन् २०१८-२०२१ डिसेम्बर सम्म)मा १८ लाख ८८ हजार टन कार्बन उत्सर्जन कटौती गरी नेपाल सरकारले रु. १ अर्ब ३४ करोडको कार्बन लाभ प्राप्त गरेको छ । नेपाल सरकारले उक्त कार्यक्रम कार्यान्वयनका लागि विश्व बैंकसँग भएको कार्बन उत्सर्जन भुक्तानी सम्झौता (Emission Reduction Payment Agreement-ERPA) अनुसार लाभ वितरण योजना स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । स्वीकृत लाभ वितरण योजना अनुसार चालु आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रममा उल्लिखित समुदायद्वारा व्यवस्थित वन समूहलाई दिगो वन व्यवस्थापन, जीविकोपार्जन तथा क्षमता अभिवृद्धि कार्यक्रम कार्यान्वयनका लागि माथि उल्लिखित तराई भू-परिधिका FCPF ER कार्यक्रम लागु भएका १३ जिल्लाका देहाय अनुसारको लक्षित निजी वन वा निजी नम्बरी आवादीमा वन विकास गर्न चाहने व्यक्तिले लाभ वितरण योजनामा उल्लिखित लगानी योजना (Investment Plan)/प्रस्ताव सहित यो सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र सम्बन्धित डिभिजन वन कार्यालय वा सोझै रेड कार्यान्वयन केन्द्र, बबरमहलमा पेश गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

१. तराई भू-परिधिका FCPF ER कार्यक्रम लागु भएका १३ जिल्लाका निजी वन धनी वा निजी नम्बरी आवादिमा वन विकास गर्न चाहने इच्छुक व्यक्ति;
२. वनजन्य रुख बिरुवा, रुखजन्य फलफुल रोपण कार्यक्रम, रुख जन्य जडिबुटी (आयातित प्रजातिको हकमा ३० वर्ष अगाडि नेपाल भित्रिएको हुनु पर्ने);
३. लगानी योजना/प्रस्तावमा नेपाल सरकारको वस्तुगत सहयोगः बिरुवा खरिद, जग्गा तयारी, खाडल खन्ने, गोडमेल, संरक्षण, अर्गानिक मल र सिंचाईको खर्च समेत समेटिने गरी प्रति बिरुवा रू. ६०/- (साठी) बराबरको वस्तुगत सहयोग, थप खर्च किसान आफैले व्यहोर्ने;
४. लगानी योजना तथा प्रस्ताव पेश गर्दा संलग्न गर्नु पर्ने विवरणः
   (क) जग्गाधनीको निवेदन, निजी जग्गा भाडा वा लिजमा लिई सम्झौता अनुसार प्रोपाइटरको निवेदन;
   (ख) वृक्षरोपण गर्न चाहेको जग्गाको क्षेत्रफल र बिरुवा सङ्ख्या (कम्तिमा १०० वटा बिरुवा रोप्नुपर्ने)
   (ग) वृक्षरोपण चाहनेको नागरिकता प्रमाण पत्रको स्वप्रमाणित प्रतिलिपि;
   (घ) वृक्षरोपण हुने जग्गाधनी प्रमाण पत्रको स्वप्रमाणित प्रतिलिपि;
   (ङ) खाता सञ्चालन रहेको बैंकको चेकको छायाँप्रति;
   (च) सम्बन्धित वडा कार्यालयको सिफारिस;
   (छ) स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपि;
   (ज) डिभिजन वन कार्यालयस्थित रेड सेल/फोकल पर्सनको सिफारिस पत्र, मध्यवर्ती क्षेत्रमा वृक्षरोपण गर्ने भए सम्बन्धित निकुन्ज कार्यालयको सिफारिस;
५. प्रस्ताव पेश गर्ने ठेगानाः

   सम्बन्धित डिभिजन वन कार्यालय वा सोझै रेड कार्यान्वयन केन्द्रको इमेल reddicnp@gmail.com मा सूचना अधिकारीको फोन/WhatsApp नम्बर ९८४९०१०३५८

**नोटः** लगानी योजनाको फारम रेड कार्यान्वयन केन्द्रको वेबसाइट(https://www.redd.gov.np)बाट डाउनलोड गर्न वा सम्बन्धित डिभिजन वन कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

(माननीय मन्त्रीस्तरको मिति २०८३/०५/०८ स्वीकृत BSP OP को अनुसूची-१ सँग सम्बन्धित)

# तराई भू-परिधिका १३ जिल्लामा कार्बन लाभ वितरणका लागि तयार गरिने लगानी योजनाको ढाँचा

## १.१. निजी वनका लागि लगानी योजना प्रस्ताव

श्री डिभिजन वन कार्यालय, .......... /राष्ट्रिय निकुन्ज कार्यालय, ......... /रेड कार्यान्वयन केन्द्र, काठमाण्डौ ।

प्रस्तुत विषयमा उत्सर्जन न्यूनीकरण लाभ वापतको भुक्तानी प्राप्त गर्न देहायको फाराममा उल्लेखित विवरण सहित लगानी योजनाका लागि प्रस्ताव पठाइएको व्यहोरा अनुरोध छ ।

१. वृक्षरोपण गर्न चाहने किसानको नाम, थर र ठेगाना

२. एकाघरको श्रीमान/श्रीमतीको नाम, थर :

३. वृक्षरोपण गर्न चाहने किसानको नागरिकता नम्बर र जिल्ला (नागरिकताको प्रतिलिपि समावेस गर्ने)

नेपाल सरकार
वन तथा पर्यावरण मन्त्रालय
रेड कार्यान्वयन केन्द्र
बबरमहल, काठमाडौं, नेपाल

४. तपाई कुन वर्गमा पर्नु हुन्छ ? चिन्ह (✓) लगाउनुहोस् ।

| पुरुष | महिला | दलित | मधेशी | आदिवासी जनजाति | मुस्लिम | अन्य |
|---|---|---|---|---|---|---|
| | | | | | | |

५. स्थायी लेखा नम्बर

६. खाता रहेको बैंक नाम र खाता नम्बर (चेकको फोटोकपी संलग्न गर्ने)

७. वृक्षरोपण गर्न चाहेको जग्गाको कित्ता नं. : ............

८. वृक्षरोपण गर्न चाहेको जग्गाको क्षेत्रफल : ..........

९. वृक्षरोपण गर्न चाहेको बिरुवा संख्या : ......... (कम्तिमा १०० वटा हुनु पर्ने)

१०. वृक्षरोपण गर्न चाहेको बिरुवाको जात/ प्रजाति विवरण (वन जन्य बिरुवा ६०% र रुख जन्य फलफुल/जडिबुटी बिरुवा ४०%)

| क. सं. | बिरुवाको प्रजाति | सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |

भाडा वा लिजमा लिएर वृक्षरोपण गर्ने भए जग्गाधनीसँग भएको सम्झौताको समयावधी (सम्झौता समावेस गर्नु पर्ने)

(माननीय मन्त्रीस्तरको मिति २०८३/०५/०८ स्वीकृत BSP OP को अनुसूची-१ सँग सम्बन्धित)

नेपाल सरकार वन तथा पर्यावरण मन्त्रालय रेड कार्यान्वयन केन्द्र बबरमहल, काठमाडौं, नेपाल

## तराई भू-परिधिका १३ जिल्लामा कार्बन लाभ वितरणका लागि तयार गरिने लगानी योजनाको ढाँचा

११. प्रस्तावको विस्तृत विवरण

| सि. नं. | कृयाकलाप विवरण | गर्ने | नगर्ने | अनुमानित लागत (रू) (स्थानीय चलन चल्तीको आधारमा) |
|---|---|---|---|---|
| (१) | तारवार/घेरावार | | | |
| (२) | हेरालु व्यवस्था | | | |
| (३) | जग्गाको तयारी (झाडी फड्ने, सम्याउने, जोत्ने समेत) | | | |
| (४) | खाडल खन्ने | गर्ने | | |
| (५) | बिरुवा खरिद वा अन्य निकायबाट लिने | गर्ने | | |
| (६) | बिरुवा ढुवानी खर्च | गर्ने | | |
| (७) | बिरुवा रोपण | गर्ने | | |
| (८) | सिंचाई, मल र गोडमेल खर्च | गर्ने | | |

१२. प्रस्तावित कार्य सुरू मितिः सम्पन्न हुने मितिः

१३. अन्य निकाय (स्थानीय तह लगायत) को लागत सहभागिता हुने भएमा सोको विवरण उल्लेख गर्नुहोस।

१४. प्रस्तावित कृयाकलाप कार्यान्वयन गर्दा स्थानीय वन, वातावरण तथा समाजमा प्रतिकूल प्रभाव पर्न सक्ने जोखिम छ वा छैन ? यदि छ भने, जोखिम न्यूनीकरणका उपाय उल्लेख गर्नुहोस ।

माथि उल्लेखित कार्यक्रमहरू नेपाल सरकारबाट स्वीकृत लाभ बाँडफाँट योजनाको वर्खिलाप नभएको व्यहोरा प्रमाणित गर्दछु । मलाई कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रम र प्राप्त गर्ने लाभ प्रतिशत वारे पूर्ण जानकारी छ, मैले प्राप्त गरेको लाभ लाभ बाँडफाँट योजनाको प्रावधान अनुसार जिम्मेवारीपूर्वक लाभको उपयोग गर्नेछु । दुरुपयोग भएमा म आफैं जिम्मेवार भई भनी कानून बमोजिम सहुँला बुझाउँला भनी यो लिखित सहमति गरेको छु।

निवेदकको दस्तखत ...................

निवेदकको नाम, थर : .....................................

फोन नं.: ..............................

मिति : ..............................